# नेपाल नगरपालिका संघको (पहिलो संशोधन) विधान, २०७७

MUNICIPAL ASSOCIATION OF NEPAL
2050

## नेपाल नगरपालिका संघ

# नेपाल नगरपालिका संघको (पहिलो संशोधन) विधान, २०७७

**नेपाल नगरपालिका संघ**
काठमाडौं ।
पो.ब.नं.: १४२८६, फोन नं.: ४४२०५५९, फ्याक्स : ४४१८६७१
इमेल : muan@ntc .net .np
वेबसाइट : www .muannepal .org

# नेपाल नगरपालिका संघको (पहिलो संशोधन) विधान, २०७७

**प्रस्तावना**: ω'नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म, मूल्य र मान्यता अनुरूप सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न,

स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार कार्यान्वयन गर्न सहजीकरण गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको स्थानीय सरकारको अवधारणालाई स्थानीय तहमा संस्थागत गर्ने कार्यमा सहयोग गरी नगर क्षेत्रका जनतालाई स्थानीय शासन र विकास कार्यमा अधिकाधिक सरिक गराई नगर क्षेत्रको विकास, निर्माण, सेवा सुविधा स्थानीय स्तरमा नै उपलब्ध गराउन, र

संविधान बमोजिम गठन भएका नगरपालिकाहरूलाई प्राप्त हक, अधिकारको संरक्षण र विकास गर्ने, नगरपालिकाहरू बीच समन्वय र समझदारीको अभिवृद्धि गरी कार्यगत एकता कायम गर्ने तथा नगरपालिकाहरू बीच अनुभवको आदान-प्रदान गर्ने समेतका उद्देश्यहरू लिई संविधानको भावना अनुकूल समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा नगरबासीहरूको सर्वाङ्गीण विकासको लागि देशका नगरपालिकाहरू संगठित रूपमा क्रियाशील हुन वाञ्छनीय भएकाले,

नेपाल नगरपालिका संघको साधारण सभाले यो विधान बनाएको छ।'

---

ω पहिलो संशोधनद्धारा संशोधन गरिएको।

## परिच्छेद – १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः**

१) यस विधानको नाम ϖ"नेपाल नगरपालिका संघको (पहिलो संशोधन) विधान, २०७७" रहेको छ ।

(२) यो विधान संघको साधारण सभाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) µयो विधान संघका सदस्यहरूका लागि लागू हुनेछ ।

२. ϖ**परिभाषाः**

(क) "अध्यक्ष" भन्नाले संघको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले सदस्य नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "उपमहासचिव" भन्नाले संघको उपमहासचिव सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले संघको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले संघको सचिवालय प्रमुख सम्झनु पर्छ ।

(च) "कार्य समिति" भन्नाले धारा १२ बमोजिमको कार्य समिति सम्झनु पर्छ ।

(छ) "कोषाध्यक्ष" भन्नाले संघको कोषाध्यक्ष सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "नगरपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका

---

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

र नगरपालिका सम्झनु पर्छ ।

(ञ) "नियम" भन्नाले संघको साधारण सभाले पारित गरी लागू गरेको नियम सम्झनु पर्छ ।

(ट) "प्रदेश समिति" भन्नाले धारा द्दण्क. बमोजिमको प्रदेश समिति सम्झनु पर्छ ।

(ठ) "प्रदेश संयोजक" भन्नाले प्रदेश समितिको संयोजक सम्झनु पर्छ ।

(ड) "प्रमुख" भन्नाले सदस्य नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ढ) "महासचिव" भन्नाले संघको महासचिव सम्झनु पर्छ ।

(ण) "विधान" भन्नाले नेपाल नगरपालिका संघको विधान २०५४ सम्झनु पर्छ ।

(त) "विनियम" भन्नाले संघको कार्यसमितिले पारित गरी लागू गरेको विनियम सम्झनु पर्छ ।

(थ) "सचिवालय" भन्नाले संघको सचिवालय सम्झनु पर्छ ।

(द) "सदस्य" भन्नाले संघको कार्य समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्षलाई समेत जनाउँछ ।

(ध) "सहकोषाध्यक्ष" भन्नाले संघको सहकोषाध्यक्ष सम्झनु पर्छ ।

(न) "सदस्य नगरपालिका" भनाले विधानले निर्धारित गरेको शर्त पूरा गरी संघको सदस्यता ग्रहण गरेको नगरपालिका सम्झनु पर्छ ।

(प) "साधारण सदस्य" भन्नाले संघको साधारण सभाको बैठकमा भाग लिन पाउने धारा ५क. बमोजिमका सदस्य सम्झनु

पर्छ। "साधारण सभा" भन्नाले संघको साधारण सभा सम्झनु पर्छ।

(फ) "साधारण सभा" भन्नाले संघको साधारण सभा

(ब) "संघ" भन्नाले यस विधान अन्तर्गत स्थापना भएको नेपाल नगरपालिका संघ सम्झनु पर्छ।

(भ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।'

## परिच्छेद – २
## संघको उद्देश्य

३) **संघको उद्देश्यः**

१) संघको उद्देश्य देहाय बमोजिम हुने छ :

(क) ϖनगरपालिकाहरूलाई एकताबद्ध गरी संविधानको भावना अनुकूल संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म, मूल्य र मान्यता अनुरूप नगरपालिकालाई प्राप्त संवैधानिक अधिकार कार्यान्वयन गर्ने र स्थानीय सरकारको अवधारणलाई स्थानीय तहमा संस्थागत गर्न सहजीकरण गर्ने।

(ख) ϖ संघ, प्रदेश सरकार, संघीय संसद, प्रदेशसभा, अन्तर प्रदेश परिषद् र प्रदेश समन्वय परिषद् समेतलाई नगरपालिकाहरूको हकहित अभिवृद्धिको लागि आवश्यक र व्यवहारिक सूचना, सल्लाह तथा सुझाव दिने,

ग) नगरपालिकहरूका बीच एक आपसमा सम्पर्क र समन्वय कायम गरी अनूभवको आदान प्रदान गर्ने।

---

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको।

घ) नगरबासीहरूको सेवा र सुबिधाको लागि नगरपालिहरूको आर्थिक श्रोत बृद्धि गर्ने उपाय पत्ता लगाउने ।

ङ) नगरपालिकाका साझा समस्याहरूको पहिचान गरी सो को निराकरण निमित्त आवश्यक उपाय सुल्झाउने ।

च) सदस्य नगरपालिकाहरूलाई सूचना सल्लाह सम्वन्धि सेवा प्रदान गर्ने ।

छ) नगरपालिका तथा शहरी क्षेत्रमा आएको बातावरणीय समस्या समाधान तर्फ सक्रिय रहने ।

(ज) ϖअन्तर्राष्ट्रियस्तरमा स्थानीय सरकार सञ्चालन सम्बन्धमा भएका असल अभ्यासको अध्ययन गरी सहयोगको आदान प्रदान गर्ने ।

(झ) µसमान उद्देश्य भएका अन्य स्थानीय सरकार सम्मिलित भई गठन भएका संघ, महासंघ तथा अन्य समान प्रकृतिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, विश्वविद्यालयसँग भगिनी सम्बन्ध स्थापित गरी सहयोग र समन्वय कायम गर्ने ।

२) उपधारा (१) मा लेखिए अनुसारको उद्देश्य प्राप्तीका लागि संघ निरन्तर रूपमा सक्रिय भइरहने छ ।

## परिच्छेद – ३
## संघको गठन

४. **संघको गठन**

१) यो विधानलाई स्वीकार गरी संघमा सामेल हुने शर्त पूरा गर्ने नगरपालिकाहरूको समष्ठिगत रूपनै नेपाल नगरपालिका संघ हो ।

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

२) यो विधानलाई स्वीकार गरी यो शर्त पुरा गर्ने कुनैपनि नगरपालिका संघको सदस्य हुने छ ।

३) संघको दैनिक कार्य संचालनको लागि एउटा कार्य समिति हुने छ । ϖ'समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा' प्रतिनिधित्व हुने छ ।

४) संघको नीति, कार्यक्रम र योजना तर्जुमा गर्न र कार्य समितिलाई आवश्यक निर्देशन दिनको लागी संघको साधारण सभा हुने छ ।

५) कार्य समितिले यस बिधान र साधारण सभाले दिएको निर्देशन तथा निर्णय बमोजिम संघको नामबाट दैनिक कार्य संचालन गर्ने छ ।

५. **संघ स्वशासित संगठित संस्था हुने :**

(१) संघ एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, µगैर-नाफामूलक र गैरसरकारी प्रकृतिको संस्था हुनेछ ।

२) संघको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुने छ । संघको छाप कार्यसमितिले तोके बमोजिम हुने छ ।

३) संघले ब्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्ने छ ।

४) संघले ब्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र यस उपर पनि सोहि नामबाट नालीस उजुर लाग्न सक्ने छ ।

५) संघको कार्यालय काठमाण्डौ उपत्यका भित्र रहने छ ।

µ**५क. सदस्यता प्राप्ति :**(१) संघको सदस्यता प्राप्त गर्न नगरपालिकाहरूले धारा ५ख. बमोजिमको प्रवेश शुल्क सहित संघमा आवेदन गर्नु पर्नेछ ।

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो धारा प्रारम्भ हुँदाका बखत कायम रहेको, नाम परिवर्तन नभएको र वार्षिक रूपमा सदस्यता नवीकरण गरिरहेको सदस्य नगरपालिका यस विधान बमोजिम सदस्य भएको मानिनेछ।

(३) उपधारा (१) बमोजिम पर्न आएको आवेदन कार्यकारी निर्देशकले कार्य समितिमा पेश गर्नेछ र कार्य समितिले सदस्यता प्रदान गर्ने निर्णय गरेमा आवेदकसँग एक वर्षको नवीकरण शुल्क लिई सदस्यताको अभिलेख पुस्तिकामा निजको नाम दर्ता गरी सदस्यता प्रमाणपत्र दिनेछ।

तर कार्य समितिले सदस्यता दिन अस्वीकार गरेमा कारण सहितको सूचना आवेदकलाई दिनु पर्नेछ।

(४) नयाँ सदस्यता प्राप्त गर्ने र नवीकरण शुल्क बुझाई वार्षिक रूपमा सदस्यता नवीकरण गर्ने सदस्यहरूको नाम कार्य समितिले संघ तथा साधारण सभा भएको स्थानमा जानकारीको लागी प्रकाशित गर्नेछ।

µ**५ख. सदस्यता शुल्क** :(१) सदस्यता प्राप्तिको लागि प्रवेश शुल्क वापत दश हजार रूपैयाँ लाग्नेछ।

(२) सदस्य नगरपालिकाले देहाय बमोजिमको शुल्क तिरी प्रत्येक बर्ष सदस्यता नवीकरण गर्नु पर्नेछः।

(क) तीन करोडसम्म आन्तरिक आय भएको नगरपालिकाले पच्चीस हजार रूपैयाँ,

(ख) तीन करोड भन्दा बढी आन्तरिक आय भएको नगरपालिकाले पचास हजार रूपैयाँ,

(ग) उपमहानगरपालिकाले एक लाख रूपैयाँ,

(घ) महानगरपालिकाले दुई लाख रूपैयाँ।

µ पहिलो संशोधनद्धारा थप गरिएको।

(३) प्रत्येक पाँच वर्षमा सदस्यता शुल्कको दर सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ ।

(४) सदस्य नगरपालिकाले प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

(५) सदस्यता शुल्क सम्बन्धी अन्य व्यवस्था कार्य समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

µ५ग. **सदस्यको कर्तव्य** : सदस्यको कर्तव्य देहाय बमोजिम हुनेछः ।

(क) विधान विपरीत कुनै काम, कारबाही नगर्ने,

(ख) संघले निर्माण गरेको आचार संहिता पालना गर्ने,

(ग) संघलाई बुझाउनु पर्ने सबै शुल्क समयमा बुझाउने ।

µ५घ. **सदस्यको अधिकार** : (१) सदस्यले संघको साधारण सभा र विशेष साभारण सभामा भाग लिन र प्रस्तावको पक्ष वा विपक्षमा मतदान गर्न पाउनेछन् ।

(२) यस विधानको अधीनमा रही सदस्यलाई मतदान गर्ने, उम्मेदवार हुने र अन्य प्रस्ताव ल्याउने अधिकार हुनेछ ।

µ५ङ. विशिष्ट, सहयोगी, आजीवन वा सम्मानार्थ सदस्यताः यस विधान तथा यस विधान अन्तर्गत बनको नियम तथा विनियमको अधीनमा रही कार्य समितिको निर्णय बमोजिम संघले महत्वपूर्ण योगदान दिने कुनै व्यक्ति वा संस्थालाई विशिष्ट, सहयोगी, आजीवन वा सम्मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

µ पहिलो संशोधनद्वारा थप गरिएको ।

६. ☼**संघको सदस्यता नरहने :** (१) संघको सदस्यता देहायको अवस्थामा कायम रहने छैन :

(क) संघको हित प्रतिकूल हुने कुनै काम गरेको भनी कार्य समितिले ठहर गरेमा,

(ख) संघको आचार संहिता पालना नगरेमा,

(ग) सदस्यता शुल्क नबुझाएमा त्यस्तो शुल्क नबुझाएको अवधिसम्म,

(घ) संघ सम्बन्धी आफैले गरेको निर्णयलाई आफैले अस्वीकार गरेमा त्यसलाई नसच्याएसम्म,

(ङ) धारा ७ अनुसार संघको सदस्यता त्याग गरेमा ।

(२) उपधारा (१) बमोजिम सदस्यता कायम नरहने विषयको जानकारी सम्बन्धित नगरपालिकालाई कार्य समितिको निर्णय बमोजिम कार्यकारी निर्देशकले दिनेछ ।

तर कार्य समितिले त्यस्तो निर्णय गर्नु अघि सम्बन्धित सदस्यलाई सफाईको मौका दिनु पर्नेछ ।

(३) उपधारा (१) बमोजिम सदस्यता कायम नरहेको नगरपालिकाले तिर्न बाँकी सबै शुल्क तिरी विधान अनुसार पुनः सदस्यता लिन सक्नेछ ।

(४) उपधारा (१) बमोजिम कुनै नगरपालिका संघको सदस्य नरहेमा त्यस्ता नगरपालिकाको प्रतिनिधित्व गर्ने साधारण सभा वा कार्य समितिमा रहेका व्यक्तिको सदस्यता स्वतः समाप्त भएको मानिनेछ ।

७. ☼**सदस्यता त्याग्न सकिने :** (१) सदस्य नगरपालिकाले संघको सदस्यता त्याग्न चाहेमा कारण सहितको नगरपालिकाको

☼ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

निर्णयको प्रमाणित प्रतिलिपि सहितको जानकारी कम्तीमा दुई महिना अगावै सचिवालयमा पुग्ने गरी पठाउनु पर्नेछ।

(२) उपधारा (१) बमोजिम प्राप्त हुन आएको निर्णय उपर कार्य समितिले विचार गरी सदस्यता त्याग सम्बन्धमा निर्णय गर्नेछ।

(३) उपधारा (२) बमोजिमको निर्णयको जानकारी कार्यकारी निर्देशकले सम्बन्धित नगरपालिकालाई गराउनु पर्नेछ।

## परिच्छेद – ४
## साधारण सभा

८. ❂**साधारण सभा :** (१) संघको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ।

(२) संघको साधारण सभामा सदस्य नगरपालिकाका प्रमुख र उपप्रमुखहरू साधारण सदस्य रहने छन्।

(३) संघको साधारण सभा देहाय बमोजिम हुनेछः।

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा।

(४) उपधारा (३) को खण्ड (क) बमोजिमको वार्षिक साधारण सभा सामान्यतया प्रत्येक आर्थिक वर्षभित्र एक पटक बोलाउनु पर्नेछ।

(५) उपधारा (३) को खण्ड (ख) बमोजिमको विशेष साधारण सभा देहायको अवस्थामा बोलाउनु पर्नेछः-

(क) कार्य समितिले आवश्यक देखेमा, वा

---

❂ पहिलो संशोधनद्वारा संशोधन गरिएको।

(ख) मनासिब माफिकको कारण र बिषय समेत खुलाई कुल सदस्य संख्याको एक तिहाई साधारण सभा सदस्यहरूले कार्य समिति समक्ष विशेष साधारण सभा बोलाउन लिखित माग गरेमा सो मागपत्र सचिवालयमा दर्ता भई कार्य समितिले उचित ठहऱ्याई निर्णय गरेको मितिले तीस दिनभित्र अध्यक्षले विशेष साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

(६) संघको साधारण सभा हुने दिनभन्दा कम्तीमा तीस दिन अगावै र विशेष साधारण सभा हुने दिनभन्दा कम्तीमा पन्ध्र दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरू खोली आवश्यकता अनुसार संघको सूचना पाटी, प्रदेश समिति र कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका मार्फत सदस्य नगरपालिकाहरूलाई सूचना दिनु पर्नेछ ।

तर कार्य समितिले आवश्यक देखेमा कम्तीमा सात दिनको सुचना दिई साधारण सभाको आकस्मिक बैठक बोलाउन सक्नेछ ।

(७) उपधारा (५) बमोजिम बोलाइएको विशेष साधारण सभालाई साधारण सभा सरहको अधिकार हुनेछ ।

तर त्यसरी बोलाइएको विशेष साधारण सभामा उपधारा (६) बमोजिमका विषयमा बाहेक अन्य विषयमा छलफल र निर्णय गरिने छैन ।

(८) साधारण सदस्यहरू सम्बन्धित सदस्य नगरपालिकामा बहाल रहेसम्म साधारण सदस्यमा बहाल रहिरहने छन् ।

(९) साधारण सदस्यले सम्बन्धित प्रमुख वा उपप्रमुख मार्फत अध्यक्ष समक्ष दिएको राजीनामा स्वीकृत भएमा साधारण सदस्यता कायम रहने छैन ।

(१०) नगरपालिकाको संख्यामा हेरफेर भई सदस्यता कायम नरहने अवस्थामा साधारण सदस्यता कायम रहने छैन ।

(११) उपधारा (९) र (१०) बमोजिम साधारण सदस्यको पद रिक्त हुन आएमा त्यस्तो सदस्यको पूर्ति यस विधानको प्रक्रिया बमोजिम सम्बन्धित सदस्य नगरपालिकाबाट गरिनेछ ।

तर नगरपालिकाको कार्यकाल एक वर्ष भन्दा कम रहेको अवस्थामा साधारण सदस्यको रिक्त पद पूर्ति गरिने छैन ।

९. **साधारण सभाको काम कर्तब्य र अधिकारः**

साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ः

क) संघको उद्देश्य पूर्तिका लागि यस बिधानको परिधि भित्र रहि साधारण सभाले आवश्यक सबै काम गर्ने ।

μक१) 'संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म, मूल्य र मान्यता अनुरूप सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार कार्यान्वयन गर्न सहजीकरण गर्ने ।"

ख) सदस्य नगरपालिकाहरूका वीच नियमित सम्वन्ध र सहयोगलाई अभिबद्धि गरी ϖस्थानीय तहको संस्थागत विकासको लागि काम गर्ने ।

ग) संघको निति कार्यक्रम र बजेट पारित गर्ने ।

(घ) ϖसबै नगरपालिकाको साझा समस्याको पहिचान गरी समाधानका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्तर प्रदेश परिषद् र प्रदेश समन्वय परिषद् समक्ष सुझाव पेश गर्ने वा गराउने ।

ङ) संघद्धारा आयोजना गरिने नगरपालिका संघका साधारण सभा सदस्यहरूको राष्ट्रिय गोष्ठिले परित गरेका विषयहरूलाई

---

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

μ पहिलो संशोधनद्धारा थप गरिएको ।

उच्च प्राथमिकता दिई तत् सम्वन्धमा छलफल र निर्णय गर्ने ।

च) नेपाल सरकार र स्वदेशी तथा विदेशी संस्थाहरूबाट नगरपालिकाको बिकासको लागि सहयोग अभिबृद्धि गर्ने गराउने तर्फ प्रयत्नरत रहने ।

छ) संघको नियमहरू पारित गरी लागू गर्ने गराउने ।

ज) प्रत्येक नगरपालिकाको द्रूततर विकासका लागि स्थानीय जन प्रतिनिधिहरूको भूमिका प्रभावकारी बनाउने, उपयुक्त नीति र कार्यक्रम प्रस्तुत गर्ने साथै लेखा परिक्षण प्रतिबेदन माथि छलफल गरी पारित गर्ने ।

झ) कार्य समितिद्धारा प्रस्तावित बार्षिक प्रतिबेदन, आर्थिक प्रतिबेदनका विषयमा छलफल गरी पारित गर्ने ।

ञ) नगरपालिकाको विकास सम्वन्धि विविध विषयमा अध्ययन अनुसन्धान गर्ने, गराउने ।

ट) कर्मचारीहरूको दरबन्दी, योग्यता र सेवाका शर्तहरू निर्धारण गर्ने ।

ठ) लेखा परिक्षकको नियुक्ति गर्ने ।

ड) अध्यक्ष, उपाध्यक्ष, महासचिब, μउपमहासचिव, कोषाध्यक्ष एवं सदस्यहरूको सुविधाका विषयमा निर्णय गर्ने ।

ढ) कार्य समिति वा सचिवालयलाई उपयुक्त निर्देशन दिने ।

ण) बेरूजु फरछौंट गर्ने तथा मिन्हा दिने ।

μ(त) प्रत्येक नगरपालिकाको द्रूततर विकासका लागि स्थानीय जनप्रतिनिधिको भूमिका प्रभावकारी बनाउन उपयुक्त नीति र कार्यक्रम प्रस्तुत गर्ने ।

(थ) लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

μ पहिलो संशोधनद्धारा थप गरिएको ।

## १०. प्रस्ताब सम्वन्धि ब्यवस्था :

१) कार्यसमितिको बैठकले निर्णय गरी सदस्य नगरपालिकाहरूको अनुमोदनको लागि पठाइएको प्रस्ताब बहुंसंख्यक नगरपालिकाको बैठकद्धारा अनुमोदन भई आएमा त्यस्तो प्रस्ताबलाई कार्य समितिले कार्यान्वयन गर्ने छ र तत्कालिन साधारण सभामा अनुमोदनको लागि प्रस्तुत गर्ने छ ।

२) कुनै सदस्य नगरपालिकाले नगरपालिकाको बैठकको निर्णय सहित कुनै प्रस्ताब सचिवालय समक्ष पठाएमा कार्य समितिले त्यसलाई साधारण सभा बैठक समक्ष पेश गर्नेछ । यसरी प्रस्तुत भएको प्रस्ताबलाई साधारण सभाको बैठकले निर्णय गरे बमोजिम कार्यसमितिले कार्यान्वयन गर्नेछ ।

३) साधारण सभाको कुनैपनि साधारण सदस्यले साधारण सभा समक्ष विधानको उद्देश्य पूर्तिका लागि ब्यक्तिगत रूपमा कुनै प्रस्ताब पेश गर्न चाहेमा त्यस्तो प्रस्ताब बैठक बस्नु भन्दा पन्ध्रदिन अगावै सचिवालयमा पुग्ने गरी सदस्य नगरपालिकाको सम्वन्धित प्रमुख मार्फत पठाउनु पर्दछ । यसरी प्राप्त भएको प्रस्ताबलाई कार्य समितिले आवश्यक छानविन गरी साधारण सभाको बैठकमा पेश गर्न अनुमति दिन सक्नेछ ।

४) साधारण सभा नबसेको बखतमा कूनै साधारण सदस्यले वा सदस्य नगरपालिकाले कुनै महत्वपूर्ण प्रस्ताब कार्य समितिमा पठाउन सक्नेछन् । यसरी प्राप्त प्रस्ताब कार्य समितिलाई उचित लागेमा अनूमोदनको लागि सबै सदस्य नगरपालिकामा पठाउने छ ।

५) उपधारा (४) अनुसार पठाइएको प्रस्ताबलाई बहुसंख्यक सदस्य नगरपालिकाको बैठकले अनूमोदन गरी सचिवालयमा पठाएमा त्यस्तो प्रस्ताबलाई साधारण सभाले पारित गरेको मानिनेछ ।

६)	उपधारा (५) अनुसार पारित भएको प्रस्तावलाई कार्यसमितिको बैठकले कार्यान्वयन गर्नेछ ।

७)	माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि सचिवालय संञ्चालन सम्वन्धि आर्थिक, प्रशासनीक एवं संघको निर्वाचन सम्वन्धि प्रस्ताब वा नियमहरू सिधै साधारण सभाको बैठकबाट पारित गरी लागू गर्न बाधा पारेको मानिने छैन ।

११. **साधारण सभाको बैठक र कार्यप्रणालीः**

(१)	ϖसाधारण सभाको बैठक सामान्यतया प्रत्येक बर्ष तोकिएको दिन, समय र स्थानमा बस्नेछ ।

(२)	ϖसंघको लेखापरीक्षण प्रतिवेदन, कार्यसमितिको वार्षिक प्रतिवेदन, प्रस्ताव सम्बन्धी विषयसूची र साधारण सभाको बैठक सम्बन्धी कार्यक्रम समेत खुलाई सामान्यतया तीस दिन अगावै कार्य समितिको निर्णय बमोजिम कार्यकारी निर्देशकले सबै सदस्य नगरपालिकाहरूलाई सूचना पठाउनेछ ।

३)	उपधारा (२) अनुसार सदस्य नगरपलिकाको नाउँमा पठाइएको सूचना साधारण सदस्य समेतलाई पठाएको मानिनेछ ।

४)	अध्यक्षको निर्देशन बमोजिम कार्यकारी निर्देशकले सदस्य नगरपालिकाका प्रमुखहरू संग समन्वय र सम्पर्क राखि साधारण सभाको बैठकमा प्रस्तुत गर्ने प्रस्ताबहरू निर्धारण गर्ने छ ।

५)	×सम्पुर्ण सदस्य........................................ बोलाउनुपर्नेछ ।

६)	×उपधारा ५ अनुसार ..........................गरिनेछैन ।

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

× पहिलो संशोधनद्वारा हटाइएको ।

७) साधारण सभाको सम्पूर्ण सदस्यहरू मध्ये पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकमा गणपूरक संख्या पुगेको मानिने छ । गणपुरक संख्या नपूगेको कारणले तोकिएको दिन र समयमा बैठक बस्न नसकेमा त्यसको भोलिपल्ट उहि समयमा बोलाइएको बैठकमा एक तिहाइ सदस्यहरू उपस्थित भएपनि गणपुरक संख्या पुगेको मानिनेछ ।

८) साधारण सभाको बैठकको सुसंचालन गर्ने जिम्मेवारी बैठकको सभापतित्व गर्ने ब्यक्तिको हुनेछ । सभापतित्व गर्ने ब्यक्तिलाई बैठक संचालन गर्नमा सबै साधारण सदस्यहरूले सहयोग गर्नु पर्ने छ ।

(९) ῶसाधारण सभाको अन्य कार्य प्रणाली तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५
## कार्य समिति

१२. ῶ**कार्य समितिको गठन :** (१) संघको कार्यकारी अधिकारको प्रयोग गर्ने गरी संघमा एक कार्य समिति रहनेछ ।

(२) कार्य समितिको गठन संघका सदस्यहरूले तोकिएको निर्वाचन विधि बमोजिम समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा निर्वाचित, मनोनीत तथा पदेन सदस्य रहने गरी देहाय बमोजिम हुनेछः ।

(क) अध्यक्ष – एक जना
(ख) उपाध्यक्ष – एक जना
(ग) महासचिव – एक जना
(घ) उपमहासचिव – एक जना
(ङ) कोषाध्यक्ष – एक जना
(च) सहकोषाध्यक्ष – एक जना

---
ῶ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

(छ) सदस्य खुला – तेत्तीस जना

(ज) अध्यक्षले मनोनीत गर्ने सदस्य – (तीन जना

(झ) प्रदेश संयोजक – सात जना (पदेन सदस्य)

(ञ) महिला विभाग संयोजक – एक जना (पदेन सदस्य)

(३) कार्यसमितिको गठन गर्दा प्रादेशिक सन्तुलन, दलीय प्रतिनिधित्व, महिलाको प्रतिनिधित्व तथा समावेशी प्रतिनिधित्वलाई आधार बनाइनेछ ।

(४) प्रमुख वा उपप्रमुखले कार्य समितिको पदाधिकारी वा सदस्य पदमा उम्मेदवारी दिन पाउनेछन् ।

(५) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष मध्ये कम्तीमा दुई जना महिला हुनु पर्नेछ ।

(६) कार्य समितिमा निर्वाचित भई आउने सदस्यमा कम्तीमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(७) निर्वाचित हुने खुला सदस्य तेत्तीस पदमा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुनु पर्नेछ ।

(८) संघको निवर्तमान अध्यक्षलाई कार्य समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

तर निजलाई मतदान गर्ने अधिकार हुने छैन ।

(९) कार्य समितिको निर्वाचनको लागि साधारण सभाका सदस्य मतदाता हुनेछन् ।

(१०) कार्य समितिको निर्वाचनमा मतगणना गर्दा मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

(११) निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।“

µ**१२क. सचिवालयः** (१) कार्य समितिको कार्यलाई सरल र

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

प्रभावकारी बनाउन अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र कार्य समितिले कार्य समिति सदस्य मध्येबाट चयन गरेको चार जना महिला सहित एघार जना सदस्य समेत गरी सत्र सदस्यीय सचिवालय गठन गरिनेछ ।

(२) सचिवालयको गठन समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा गरिनेछ ।

(३) अध्यक्ष र सचिवालयका अन्य पदाधिकारी सामूहिक र व्यक्तिगत रूपले कार्य समितिप्रति उत्तरदायी हुनेछन् ।

(४) सचिवालयले संघको नीतिको परिधिभित्र रही कार्य समितिलाई सहयोग गर्नेछ ।

(५) सचिवालयको बैठक दुई महिनामा एक पटक बस्नेछ ।

(६) सचिवालयले गरेका प्रत्येक निर्णय कार्य समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

µ१२ख. **सल्लाहकार समितिको गठन :** (१) संघलाई राय सुझाब उपलब्ध गराउन सम्बन्धित क्षेत्रका विज्ञहरू रहेको सल्लाहकार समितिको गठन गर्न सकिनेछ ।

(२) सल्लाहकार समितिको गठन, काम र कर्तव्य सम्बन्धी अन्य व्यवस्था सचिवालयको सिफारिसमा कार्य समितिले तोके बमोजिम हुनेछ ।

µ१२ग. **कार्य समितिको कार्यकालः** (१) कार्य समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।कार्य समितिको कार्यकाल निर्वाचित भएको वर्षको श्रावण महिनादेखि गणना गरिनेछ ।

तर नयाँ कार्य समितिको गठन नभएसम्म साविकको कार्यसमिति कायम रहेको मानिनेछ ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(२) देहायको अवस्थामा कार्य समितिको पदाधिकारी वा सदस्यको पद निजको कार्यकाल पूरा हुनु अगावै रिक्त हुनेछः ।

(क) अध्यक्षले उपाध्यक्ष समक्ष तथा अन्य पदाधिकारी वा सदस्यले अध्यक्ष समक्ष पेश गरेको राजीनामा कार्य समितिबाट स्वीकृत भएमा,

(ख) सूचना नदिई कार्य समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएमा,

(ग) संघको सदस्यता कायम नरहेमा,

(घ) नेपालको संविधान तथा प्रचलित कानूनको प्रतिकूल हुने कुनै काम गरेमा,

(ङ) आचार संहिता प्रतिकूल काम गरेको ठहरिएमा,

(च) मानसिक सन्तुलन गुमाएमा,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएमा,

(ज) मृत्यु भएमा ।

१३) **<u>कार्य समितिको काम, कर्तब्य र अधिकारः</u>**

१) संघको कार्यसमितिको काम, कर्तब्य र अधिकार देहाय बमोजम हुनेछः

क) साधारण सभाको नीति, निर्देशन अनुसार सबै काम गर्ने गराउने ।

ख) साधारण सभा समक्ष संघको निति, कार्यक्रम तथा बजेट पेश गर्ने गराउने ।

ग) साधारण सभाको बैठक नबसेको अवस्थामा विषय बस्तुको गाम्भीर्यता र अत्यावश्यकतालाई दृटिगत गरी तत्काल नगरी नहुने कुनै काम वा समस्या आइपरे सोको समाधानार्थ काम गर्ने गराउने ।

घ) सदस्य नगरपालिकाहरू संग आवश्यकता अनुसार समन्वय राखि साधारण सभामा प्रस्तुत गर्नुपर्ने प्रस्तावहरू साधारण सभा समक्ष पेश गर्ने गराउने ।

ङ) कुनै साधारण सदस्यले साधारण सभा समक्ष पेश गरेको प्रस्तावलाई साधारण सभाले विचारार्थ सदस्य नगरपालिकाहरू समक्ष पठाउने गरेको अवस्थामा त्यस्तो प्रस्तावलाई विचारार्थ सदस्य नगरपालिका समक्ष पठाउन लगाउने ।

च) खण्ड (ङ) अनुसार विचारार्थ पठाइएको प्रस्तावलाई बहुंसंख्यक सदस्य नगरपालिकाहरूले अनुमोदन गरी पठाएमा त्यस्तो अनुमोदित निर्णयलाई कार्यान्वयन गर्ने सम्वन्धमा प्रकृयामा समेत निर्धारण गरी लागू गर्ने ।

छ) सदस्य नगरपालिकहरूले चुक्ता गर्नुपर्ने बार्षिक सदस्यता शुल्क संघको कोषमा दाखिला गर्न लगाउने ।

ज) नगरपालिकाको स्वायत्तता, कार्यप्रणाली, आर्थिक श्रोत, संरचना, प्रशासनिक बनावट, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन फरक फरक पद्धति समेतका विषयमा आवश्यकता अनुसार अध्ययन अनुसन्धान गराई सो को प्रतिबेदन साधारण सभा समक्ष पेश गर्ने गराउने ।

झ) साधारण सभाले पारित गरेको दरवन्दिमा सचिवालयको निमित्त कर्मचारीहरूको नियुक्ति गर्ने गराउने ।

ञ) सामान्यतः बर्षमा एकपल्ट नेपाल नगरपालिका संघको साधारण सभा सदस्यहरूको राष्ट्रिय गोष्ठिहरू आयोजना गर्ने तथा त्यस्तो गोष्ठिले दिएको सुझाबहरूलाई कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक कदम चाल्ने ।

ट) संघका लागि आवश्यक नियमहरूको मस्यौदालाई प्रस्तावका रूपमा साधारण सभामा पेश गर्ने गराउने ।

ठ) नगर स्तरिय कर्यक्रमहरूलाई प्रभावकारी बनाउने सम्वन्धमा उपयुक्त पद्धतिको खोजी गर्ने ।

µ(ड) संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म, मूल्य र मान्यता अनुरूप सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै स्थानीय तहलाई प्राप्त भएको संवैधानिक अधिकार कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(ढ) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको स्थानीय सरकारको अवधारणालाई स्थानीय तहमा संस्थागत गर्ने कार्यमा सहयोग गर्ने ।

(ण) संघको उद्देश्य पूर्तिका लागि यस विधानको परिधिभित्र रही संघको कारोबारको नियन्त्रण, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने ।

(त) कार्यकारी निर्देशक सहित आवश्यकता अन'सार अन्य कर्मचारीह? निय'क्त गर्ने .

(थ) संघको अध्यक्ष र उपाध्यक्ष कुनै कारणवश नरहेमा वा कार्य गर्न असमर्थ भएमा आफूमध्येबाट कार्यवाहक अध्यक्ष चयन गर्ने ।

(द) यस विधानमा साधारण सभा, अन्य समिति र

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

पदाधिकारीले गर्नु पर्ने भनी तोकिएको काम बाहेक संघको तर्फबाट गर्नु पर्ने अन्य काम गर्ने ।

(ध) संघको प्रतिनिधित्व गर्ने ।

(न) कार्य समितिका पदाधिकारीलाई भैपरी आउने खर्च गर्न र खर्च गर्न पाउने रकमको हद तोक्ने ।

२) अध्यक्षले आवश्यक देखेमा कार्यसमितिको बैठकमा कुनै नगरपालिकाको प्रमुख, उप प्रमुख वा सदस्यलाई आमन्त्रित गर्न सक्ने छ । साथै त्यस्तो बैठकमा अध्यक्षले आवश्यता अनुसार विभिन्न विषयका विशेषज्ञलाई र लाईन एजेन्सीका प्रतिनिधिहरूलाई आमन्त्रीत गरी सल्लाह र सुझाब लिन सक्नेछ ।

३) कर्यसमितिले संघको उद्येश्य पुर्तिका लागि योगदान पुऱ्याउन सक्ने विषेशज्ञहरूलाई संघको सल्लाहकारको रूपमा बढिमा ७ जना मनोनयन गर्ने र त्यस्ता विशेषज्ञहरूको "विषेश समुह" गठन गरी त्यस्तो समुहको काम कर्तब्य र अधिकार तोक्न सक्नेछ ।

१४) **कार्यसमितिको बैठक र कार्य प्रणाली:**

१) कार्य समितिको बैठक प्रत्येक आर्थिक बर्षमा कम्तीमा ❀दुई पटक बस्नेछ ।

२) बैठकको सभापतित्व अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले सभापतित्व गर्नु पर्नेछ ।

३) कार्यसमितिको सम्पुर्ण सदस्य संख्या मध्ये पचास प्रतिशत भन्दाबढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

४) कार्यसमितिको बैठकमा मत बराबर भएमा सभापतित्व गर्ने व्यक्तीले निर्णायक मत दिनेछ ।

---

❀ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

५)	कार्यसमितिको बैठक अध्यक्षको अनुमतिबाट कार्यकारी निर्देशिकले बोलाउने छ ।

६)	कार्यसमितिको बैठक बस्ने दिन, समय र छलफल हुने विषय संग सम्वन्धित जानकारी सहितको सूचना बैठक बस्ने दिन भन्दा १५ दिन अगावै पठाउनु पर्नेछ ।

७)	बैठक सम्वन्धि अन्य कार्यप्रणाली कर्य समिति आफैले निर्धारण गर्न सक्नेछ ।

१५)	**अध्यक्षको काम कर्तब्य र अधिकारः**

१)	अध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

क)	सदस्य नगरपालिकाहरूका बीच नगरपालिकाहरूको सुदृढिकरणको लागि निरन्तर सम्वन्ध र सम्पर्क राखि कार्यान्वयन गर्ने ।

μक१) संघलाई नेतृत्व प्रदान गर्ने,

ख)	कार्य समितिको तर्फबाट साधारण सभामा कार्यक्रम तथा बजेट, बार्षिक प्रतिबेदन तथा सचिवालयको तर्फबाट पेशहुने प्रस्ताबहरू पेश गर्ने ।

ग)	साधारण सभाले पारित गरी लागूगरेको नियम बमोजिम आम्दानी र खर्च गर्ने गराउने ।

घ)	संघको आम्दानी खर्चको हिसाव किताबको साथै संघ सँग सम्वन्धित अन्य कागज पत्र तथा चल अचल सम्पत्तिहरू सुरक्षित राख्न लगाउने ।

ङ)	सचिवालयका कर्मचारीहरूको रेखदेख गर्ने गराउने ।

(च)	ϖउपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष,

μ पहिलो संशोधनद्धारा थप गरिएको ।

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

सहकोषाध्यक्ष र कार्य समितिका अन्य सदस्य तथा कार्यकारी निर्देशकलाई काजमा खटाउने वा खटाउन लगाउने ।

छ) कार्यकारी निर्देशकको विदा स्विकृत गर्ने साथै निजको अनुपस्थितिमा निजले गरिआएको काम गर्न गराउन आवश्यक ब्यवस्था मिलाउने ।

ज) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई अध्यक्षको कार्यभार संहाल्न कार्यकारी निर्देशक मार्फत जानकारी दिने दिलाउने ।

झ) साधारण सभा र कार्यसमितिको बैठकको सभापतित्व ग्रहण गर्ने ।

ञ) बैठकमा मत बराबर भएको अबस्थामा निर्णायक मतको प्रयोग गर्ने ।

ट) नगरपालिका संघका साधारण सदस्यहरूको राष्ट्रिय गोष्ठीको संयोजन गर्ने, त्यस्तो गोष्ठीमा भएका निर्णयहरूको कार्यान्वयनको लागि आवश्यक उपायहरू गर्ने ।

२) संघको तर्फबाट अध्यक्षले नगरपालिकाका प्रमुख संग राखेको सम्पर्क र सम्वन्धलाई सदस्य नगरपालिकासंग राखेको मानीने छ ।

१६) **उपाध्यक्षको काम, कर्तब्य र अधिकार :**

उपाध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको अनुपस्थितिमा कार्यबाहक भै अध्यक्षको काम गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा साधारण सभा वा कर्यसमितिको बैठकको सभापतित्व गर्ने ।

µ(ख१) अध्यक्षले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने ।

ग) तोकिए अनुसारको अन्य काम गर्ने ।

१७) **महासचिबको काम, कर्तब्य र अधिकार :**

महासचिबको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सदस्य नगरपालिकाहरू संग समन्वय राखेर संघको कर्यक्रम तय गर्न आवश्यक काम गर्ने ।

ख) कार्यसमितिको बैठकमा संघको कार्यक्रम, बजेट तथा बार्षिक प्रतिबेदनहरू तयार गर्न अध्यक्षलाई सघाउने

ग) संघको साधारण सभा र कर्यसमितिको बैठकमा सचिबको काम गर्ने ।

घ) संघको हरेक क्रियाकलाप, कार्यक्रममा सहभागि भै नीति र कार्यक्रम तयार पार्ने ।

µ(घ१) संघको साधारण सभा र कार्य समितिको निर्णय र अन्य कागजातको अभिलेख राख्ने ।

ङ) संघको सचिवालयका रेखदेख गर्ने ।

च) अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

छ) साधारण सभा र कार्यसमितिले तोकेको काम गर्ने ।

ज) तोकिए अनुसार काम गर्ने ।

µ**१७क. उपमहासचिवको काम, कर्तव्य र अधिकार** : उपमहासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) महासचिवको अनुपस्थितिमा कार्यबाहक महासचिव भई काम गर्ने,

(ख) महासचिवको अनुपस्थितिमा साधारण सभा वा कार्य समितिको बैठकमा महासचिवको काम गर्ने,

---

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(ग) अध्यक्ष वा महासचिवले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने,

(घ) संघको सचिवालयको रेखदेख गर्ने,

(ङ) अध्यक्षलाई आवश्यक सहयोग गर्ने,

(च) साधारण सभा र कार्य समितिले तोकेका काम गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

१८) **कोषाध्यक्षको काम, कर्तब्य र अधिकार :**
कोषाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजि हुनेछ :

क) संघको कर्यक्रम अनुरूप बजेट तैयार पार्ने ।

ख) सदस्यता शुल्क उठाउनका लागि कार्यकारी निर्देशकलाई अह्राउने ।

ग) संघको आम्दानी र खर्चको रेखदेख गर्ने ।

घ) संघको आर्थिक प्रतिबेदन कर्यसमिति र साधारण सभामा प्रस्तुत गर्ने ।

ङ) संघका आर्थिक श्रोत अभिबृद्धि गर्न पहल गर्ने ।

च) संघको चल अचल एवं सम्पत्तिको रेखदेख गर्ने ।

छ) अध्यक्षको निर्देशानुसार काम गर्ने ।

ज) तोकिएको काम गर्ने ।

µ१८क. **सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार** : सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः ।

(क) कोषाध्यक्षको अनुपस्थितिमा कार्यबाहक कोषाध्यक्ष भई काम गर्ने,

---

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(ख) कोषाध्यक्षको अनुपस्थितिमा संघको आर्थिक प्रतिवेदन कार्य समिति र साधारण सभामा प्रस्तुत गर्ने,

(ग) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव वा कोषाध्यक्षले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने,

(घ) संघको आर्थिक कारोबारको रेखदेख गर्ने,

(ङ) संघको आर्थिक स्रोत अभिवृद्धि गर्न पहल गर्ने,

(च) संघको चल अचल सम्पत्तिको रेखदेख गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

१९) **सदस्यको काम, कर्तब्य र अधिकारः**

सदस्यको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यसमितिको बैठकमा भाग लिई संघको उद्देश्य पूर्तिको लागि योगदान दिने ।

ख) साधारण सभा तथा कार्य समितिले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) तोकिए अनुसार अन्य काम गर्ने ।

२) ×कारणबस ................................भई काम गर्नेछ ।

२०) **कार्यकारी निर्देशकको, कर्तब्य र अधिकार :**

१) कार्यकारी निर्देशकले अध्यक्षको सामान्य रेखदेखमा काम गर्नेछ ।

२) कार्यकारी निर्देशकको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) साधारण सभा तथा कर्यसमितिले पारित गरेका निर्णयहरूलाई जिम्मेवारीपुर्वक कार्यान्वयन गर्ने गराउने।

---

× पहिलो संशोधनद्वारा हटाइएको ।

µ(क१) संघको साधारण सभा र कार्य समितिको निर्णयको अभिलेख तथा अन्य कागजात सुरक्षित राख्ने ।

(क२) कार्यसमितिको सदस्य सचिव भई काम गर्ने ।

ख) सचिवालयको प्रमुखका हैसियतले संघको सम्पूर्ण आर्थिक तथा प्रशासनिक काम कारबाही गर्ने गराउने ।

ग) संघको आम्दानी खर्चको हिसाब किताब दुरूस्त राख्ने राख्न लगाउने ।

घ) संघको स्विकृत बजेट भित्र रहि योजना तथा कार्यक्रम संचालन गर्ने गराउने ।

ङ) संघको हिसाब किताबको लेखा परिक्षण गराई, बेरूजु तथा पेश्की फरछ्यौंट सम्वन्धि कारवाही गर्ने गराउने । फरछ्यौंट हुन नसकेको बेरूजुका सम्वन्धमा कर्य समिति समक्ष प्रतिवेदन दिने ।

च) सचिवालयमा दर्ता हुन आएका प्रस्ताब, सुझाब, उजुरीका सम्वन्धमा आवश्यक कारबाही गर्ने ।

छ) संघको चल अचल सम्पत्तिको संरक्षण गर्ने ।

ज) संघको कर्यक्रम योजनाहरूको निरीक्षण गरी समिक्षा गर्ने गराउने र कार्यसमितिलाई तत् सम्वन्धि प्रतिबेदन दिने ।

झ) संघको गतिविधि सम्वन्धि बार्षिक प्रतिबेदन तयार गरी कार्यसमितिको बैठकमा पेश गर्ने । कार्य समितिको निर्णय सदस्य नगरपालिका समक्ष पठाउने ।

µ**२०क. प्रदेश समितिको गठन :** (१) नेपाल नगरपालिका संघको कामलाई चुस्त दुरूस्त बनाउनका लागि नेपालको संविधान अनुरूप

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

कायम रहेका प्रत्येक प्रदेशमा एक एक वटा प्रदेश समिति रहनेछन् ।

(२) प्रदेशभित्रका सबै सदस्य नगरपालिकाहरू प्रदेश समितिका सदस्य हुनेछन् । संघमा कायम रहेका प्रदेशभित्रका सदस्य नै प्रदेश समितिका सदस्य हुनेछन् ।

(३) प्रदेशभित्र कायम रहेका सदस्य नगरपालिकाहरूको भेलाबाट निर्वाचन गरी प्रदेश समितिको चयन गरिनेछ।

(४) प्रदेश समितिमा एक जना संयोजक र एक जना उपसंयोजक सहित देहाय बमोजिमका सदस्य रहने छन् ।

| | |
|---|---|
| (क) एक नं. प्रदेश | उन्नाइस सदस्य |
| (ख) दुई नं. प्रदेश | एक्काइस सदस्य |
| (ग) वाग्मती प्रदेश | सत्र सदस्य |
| (घ) गण्डकी प्रदेश | एघार सदस्य |
| (ङ) पाँच नं. प्रदेश | पन्ध्र सदस्य |
| (च) कर्णाली प्रदेश | नौ सदस्य |
| (छ) सुदूर पश्चिम प्रदेश | तेह्र सदस्य |

(५) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा नगरपालिकाहरूको संख्या हेरफेर हुँदाका बखत सदस्य संख्या पनि नगरपालिकाको संख्याको आधारमा समानुपतिक रूपमा हेरफेर गर्न बाधा पर्ने छैन ।

(६) प्रदेश संयोजकहरू कार्य समितिका पदेन सदस्य हुनेछन् ।

(७) एक सदस्य नगरपालिकाबाट प्रदेश संयोजक, उपसंयोजक र सदस्यमध्ये कुनै एक पदको लागि मात्र उम्मेदवारी दिन पाइनेछ ।

(८) प्रदेश समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ ।

(९) प्रदेश समितिमा रहने पदाधिकारी र सदस्यले कार्य समितिमा उम्मेदवारी दिन पाउने छैनन् । निजले कार्य समितिमा उम्मेदवारी दिएमा प्रदेश समितिको निजको पद रिक्त हुनेछ ।

(१०) प्रदेश समितिका पदाधिकारी र सदस्यहरू प्रदेशभित्रका सदस्य नगरपालिका तथा कार्य समितिप्रति उत्तरदायी हुनेछन् ।

µ**२०ख. प्रदेश समितिको कार्यकाल :** (१) कार्य समितिको कार्यकाल रहँदासम्म प्रदेश समिति कायम रहनेछ ।

(२) प्रदेश समितिका पदाधिकारी वा सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ :-

(क) नेपालको संविधान वा प्रचलित कानून प्रतिकूल हुने कुनै काम गरेमा,

(ख) प्रदेश संयोजकले प्रदेश समितिको उपसंयोजक समक्ष वा प्रदेश समितिका अन्य सदस्यले संयोजक समक्ष पेश गरेको राजीनामा प्रदेश समितिबाट स्वीकृत भएमा,

(ग) सूचना नदिई प्रदेश समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएमा,

(घ) संघको सदस्यता कायम नरहेमा,

(ङ) संघको आचार संहिता प्रतिकूल काम गरेको ठहरिएमा,

(च) मानसिक सन्तुलन गुमाएमा,

---

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएमा,

(ज) मृत्यु भएमा ।

(३) देहायका अवस्थामा प्रदेश समिति विघटन हुन सक्नेछः

(क) प्रदेश समितिका दुई तिहाई सदस्यले प्रदेश समिति विघटन गर्ने निर्णय सहित कार्य समितिमा लेखी पठाएकोमा सो समितिले विघटन गर्ने स्वीकृति दिएमा ।

(ख) विधान विपरीत कार्य गरेको ठहर गरी कार्य समितिले विघटन गर्ने निर्णय गरेमा ।

(४) उपधारा (३) बमोजिम प्रदेश समिति विघटन गर्दा प्रदेश समितिलाई सुनुवाईको मौका दिनु पर्नेछ ।

µ**२०ग. प्रदेश समितिको बैठक र कार्य प्रणालीः**

(१) प्रदेश समितिको बैठक र कार्य प्रणाली तोकिए बमोजिम हुनेछ ।

(२) यस विधानमा अन्यथा लेखिएकोमा बाहेक बैठकको निर्णय बहुमतबाट हुनेछ ।

(३) बैठकको निर्णयको अभिलेख राखिनेछ ।

µ**२०घ. प्रदेश समितिको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफूलाई प्राप्त विवरण सचिवालयमा पठाउने,

(ख) कार्ययोजना निर्माण गरी सचिवालयलाई सोको जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने,

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(ग) आफूले गरेको कामको बार्षिक प्रगति प्रतिवेदन तयार गरी सचिवालयमा पठाउने,

(घ) संघको सहयोग वा आफ्नै स्रोतबाट विशेष क्रियाकलाप सञ्चालन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद – ६
## कोष तथा खर्च सम्वन्धि ब्यवस्था

२१. **संघको कोषः**

१) संघको आफ्नो छुट्टै कोष हुने छ ।

२) ω उपधारा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिने छ ।

क) सदस्य नगरपालिकाहरूबाट प्राप्तहुने सदस्यता दस्तुर बापतको रकम,

ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ग) कुनै ब्यक्ति संघ संस्थाबाट प्राप्त दान, उपहार सहयोग आदिको रकम ।

ग) संघको सम्पत्ति लिलाम, विक्रि आदिबाट प्राप्त रकम ।

ङ) दर्ता, दस्तुर ऋण आदिबाट प्राप्त रकम ।

च) नेपाल सरकार वा सदस्य नगरपालिकाहरूले कार्यक्रम तोकि दिएको रकम ।

छ) संघको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम ।

ज) कुनै विदेशी सरकार अन्तर्राष्ट्रिय संघ संस्था वा स्वदेशी

ω पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

संस्थाबाट प्राप्त रकम, µतर कुनै विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग प्राप्त गर्नु अघि संघले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

झ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) ϖ संघको नाममा प्राप्त हुने सबै रकम कार्य समितिको निर्णय बमोजिम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित वाणिज्य बैङ्कमा संघको नाममा खाता खोली जम्मा गरिनेछ । त्यस्तो खातालई संघको कोषको खाता मानिनेछ ।

µ(३क) संघले उपधारा (२) को खण्ड (क) बमोजिम सदस्य नगरपालिकाबाट प्राप्त हुने दस्तुर बापतको रकमको सत्तरी प्रतिशत संघमा राखी तीस प्रतिशत सम्बन्धित प्रदेश समितिमा पठाउनु पर्नेछ ।

४) संघको तर्फबाट बेहोर्नुपर्ने सम्पूर्ण खर्च उपधारा (१) को कोषबाट बेहोरिनेछ ।

५) कार्य समितिको निर्णय बमोजिम मूलखातामा जम्मा गरिएको रकमलाई कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार अन्य खातामा सार्न सकिनेछ ।

(६) ϖसंघको कोषको सञ्चालन कार्यकारी निर्देशक र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

µ२१)क. **प्रदेश समितिको कोष :**

(१) प्रदेश समितिको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपधारा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(क) संघबाट प्राप्त रकम,

(ख) प्रदेश समिति आफैँले अन्य स्रोतबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट प्राप्त रकम ।

(३) उपधारा (१) बमोजिमको कोषमा रहने रकम प्रदेश समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रदेश समितिको कोषको सञ्चालन तथा लेखा प्रणाली संघले तोके बमोजिम हुनेछ ।

२२. ꙍ**आर्थिक वर्ष :** संघको आर्थिक वर्ष प्रत्येक वर्षको श्रावण संक्रान्ति देखि प्रारम्भ भई अर्को वर्षको आषाढ मसान्तमा समाप्त हुनेछ ।

२३) **लेखा र लेखा परिक्षण :**

१) संघको आय ब्ययको लेखा साधारण सभाले अन्य ब्यवस्था गरेमा बाहेक नेपाल सरकारको प्रणाली बमोजिम राखिनेछ । µर आय व्ययको प्रतिवेदन वार्षिक साधारण सभामा प्रस्तुत गरिनेछ ।

२) संघको लेखा परिक्षण साधारण सभाको बैठकले तोकेको अधिकार प्राप्त लेखा परिक्षकवाट हुनेछ । ×र त्यसको ....................पेश गरिनेछ ।

३) संघको लेखा साधारण सभाका कुनै पनि सदस्यले हेर्न चाहेमा कोषाध्यक्ष, ꙍसहकोषाध्यक्ष र कार्यकारी निर्देशकको अनुमतिवाट हेर्न सकिने छ ।

---

ꙍ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

× पहिलो संशोधनद्धारा हटाइएको ।

२४) <u>**रकमान्तरः**</u>

१) साधारण सभावाट स्वीकृत वार्षिक बजेट शिर्षकको विस प्रतिशतमा नवढाई कार्यकारी निर्देशकको सिफरिशमा कार्य समितिले रकमान्तर गर्न सक्नेछ।

२. ☙<u>उपधारा १</u> बमोजिम रकमान्तर गर्दा भैपरि आउने र आर्थिक सहायताको लागि गरिने छ।

२५. ☙<u>**भत्ता र अन्य सुविधा :**</u>

(१) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा कार्य समितिले तोके बमोजिम हुनेछ।

(२) उपधारा (१) बमोजिम तोकिएको बैठक भत्ता र अन्य सुविधा लगत्तै हुने साधारण सभाको बैठकमा अनुमोदनको लागि पेश गर्नु पर्नेछ।

## परिच्छेद – ७
## कर्मचारी तथा प्रशासन सम्वन्धी ब्यवस्था

२६. <u>**कार्यकारी निर्देशकको नियुक्ति**</u>

१) कार्य समितिले निर्धारण गरेको प्रकृया बमोजिम संघको सचिवालयको प्रमुखको रूपमा कर्यकारी निर्देशकको नियुक्ति गरिने छ।

२. उच्च शैक्षिक योग्यता, निश्कलंक चरित्र र प्रशासनिक अनुभवको साथै संघको उद्देश्य र भावना अनुरूप काम गर्न सक्ने क्षमता भएको नेपाली नागरिकलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गरिने छ।

---

☙ पहिलो संशोधनद्धारा संशोधन गरिएको।

३. कार्यकारी निर्देशकको नियुक्ति कार्यसमितिले निर्धारण गरेको प्रकृया अनुसार गरिने छ ।

४. कार्यकारी निर्देशकको योग्यता, सेवा शर्त र सुविधा कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. संघको अन्य कर्मचारीहरूको पद अनुसारको योग्यता कार्यसमितिले निर्धारण गरेबमोजिम हुनेछ ।

६. सचिवायको सवै कर्मचारीहरू कार्यकारी निर्देशकको मातहत र रेखदेखमा हुनेछन् ।

७. ϖसंघको अन्य कर्मचारीहरूको नियुक्ति तथा बढुवा गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

क) संघको अध्यक्षः संयोजक
ख) संघको महासचिव, : सदस्य
ग) कार्यकारी निर्देशकः सदस्य सचिब

८. उपधारा (७) अनुसारको समितिको सिफारिसको आधारमा कर्मचारीहरूको नियुक्ति वा बढुवा कार्यकारी निर्देशकले गर्ने छ ।

**२७ अधिकार प्रत्यायोजनः**

१. साधारण सभाले आफुमा निहित रहेका केहि अधिकार कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्ने छ ।

(२) ϖकार्य समितिले आफूमा निहित अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) अध्यक्षले आफूमा निहित अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, महासचिव, उपमहासचिव,

ϖ पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

कोषाध्यक्ष, सहकोषाध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) कार्यकारी निर्देशकले आफुमा निहित रहेको केहि अधिकार आफुभन्दा एकतह मुनीका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

(५) *उपधारा (१), (२), (३) र (४) बमोजिम अधिकार प्रत्यायोजन गर्दा शर्त तोक्न र प्रत्यायोजन गरिएको अधिकार जुनसुकै बेला फिर्ता लिन सकिनेछ ।

## परिच्छेद – ८
## विविध

२८. ***विधान संशोधन** :* (१) विधान संशोधन गर्नु परेमा सो सम्बन्धी प्रस्ताव कार्य समिति वा साधारण सभाका कम्तीमा पच्चीस प्रतिशत सदस्यले प्रस्ताव गरी साधारण सभामा विशेष प्रस्तावको रुपमा पेश गर्न सक्नेछन् ।

(२) उपधारा (१) बमोजिमको प्रस्ताव साधारण सभामा पेश गर्नु भन्दा तीस दिन अगावै सचिवालयमा दर्ता गराउनु पर्नेछ ।

(३) प्रस्तावित संशोधन प्रस्ताव साधारण सभामा उपस्थित सदस्यको दुई तिहाइ मतद्वारा पारित भएमा विधान संशोधन भएको मानिनेछ ।“

२९. ***नियम तथा विनियम बनाउने अधिकार** :*

(१) यस विधानको उद्देश्य पूर्ति गर्न कार्य समितिले कर्मचारी तथा आर्थिक प्रशासन सम्बन्धी नियम तथा विनियम बनाउन सक्नेछ ।

(२) उपधारा (१) मा उल्लिखित अधिकारमा प्रतिकूल असर

* पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

नपर्ने गरी कार्य समितिले देहायका विषयमा नियम बनाउन सक्नेछः-

(क) सभा र बैठकको कार्यविधि तथा सञ्चालन विधि,
(ख) प्रस्ताव ल्याउने र प्रस्तुत गर्ने विधि,
(ग) निर्वाचन विधि,
(घ) समिति, उपसमिति वा कार्यदलको गठन विधि,
(ङ) विशिष्ट सदस्य, सहयोगी सदस्य, आजीवन सदस्य र सम्मानार्थ सदस्य बनाउने अवस्था र विधि,
(च) सदस्यको आचार संहिता ।

(३) उपधारा (१) र (२) बमोजिम बनेका नियम तथा विनियम साधारण सभाबाट अनुमोदन भएको मितिदेखि प्रारम्भ हुनेछन् ।

(४) उपधारा (१) र (२) बमोजिम नियम तथा विनियम नबनेसम्म संघका कर्मचारीहरूलाई सामान्यतः नगरपालिकाको कोषबाट पारिश्रमिक तथा सुविधा पाउने गरी नियुक्त भएका कर्मचारी सरह पारिश्रमिक तथा सुविधा दिइनेछ ।

(५) संघको आर्थिक प्रशासन सम्बन्धी नियम नबनुन्जेलसम्म प्रचलित कानूनको अधिनमा रही आर्थिक प्रशासन सम्बन्धी काम कारबाही गर्नु पर्नेछ ।

(६) साधारण सभाले यस विधानको उद्देश्य पूर्तिको लागि आवश्यकता अनुसार अन्य नियमहरू बनाई लागू गर्न सक्नेछ ।

µ२९क. **<u>महिला विभाग :-</u>** (१) संघमा संघको सदस्य रहेको नगरपालिकाका महिला प्रमुख वा उपप्रमुख रहेको एउटा छुट्टै महिला विभाग रहनेछ ।

---
µ८ पहिलो संशोधनद्धारा थप गरिएको ।

(२) उपधारा (१) बमोजिमको विभागमा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी सत्र सदस्य रहनेछन् ।

(३) उपधारा (२) बमोजिमका सदस्यहरूमध्येबाट एक जना संयोजक र एक जना सहसंयोजक छनौट गरिनेछ ।

(४) महिला विभागको गठन, विभागको पदाधिकारी तथा सदस्यहरूको चयन कार्य समितिले गर्नेछ ।

(५) महिला विभागले महिला प्रमुख वा उपप्रमुखहरूको क्षमता अभिवृद्धि, वृत्ति विकास, राष्ट्रिय सम्मलेन गर्ने लगायतका कार्यहरू गर्नेछ ।

(६) महिला विभागको अन्य कार्य कार्य समितिले तोके बमोजिम हुनेछ ।

µ२९ख. **निर्वाचन समिति :** संघको नयाँ कार्य समितिको निर्वाचनका लागि कार्य समितिले तीन वा सो भन्दा बढी सदस्यहरु भएको निर्वाचन समिति गठन गरी निजहरु मध्येबाट एक जना प्रमुख तोक्नेछ ।

µ२९ग. **निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :** (१) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम नतोकिएसम्म निर्वाचन समितिले यस विधानको अधीनमा रही कार्य समितिले निर्धारण गरेको प्रक्रियाबाट निर्वाचन सम्पन्न गर्नेछ ।

(३) निर्वाचन समितिले कार्य समितिको कार्यकाल समाप्त हुनु अगावै नयाँ कार्य समितिको निर्वाचन सम्पन्न गराउनेछ ।

µ२९घ. **शपथ ग्रहण :** कार्य समितिको निर्वाचन सम्पन्न भए पश्चात निर्वाचित पदाधिकारी तथा सदस्यहरुले निर्वाचन प्रमुख वा

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

निजको अनुपस्थितिमा निर्वाचन समितिको जेष्ठ सदस्य समक्ष तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

µ२९ङ. **कार्य समितिको उत्तरदायित्व :** कार्य समितिका पदाधिकारी र सदस्यहरु सामूहिक र व्यक्तिगत रुपले साधारण सभाप्रति उत्तरदायी हुनेछन् ।

३०. **पदावधिः**

१. साधारण सभाको कार्यावधि सदस्यः नगरपालिको कार्यावधि संगै समाप्त हुनेछ तथा स्थानीय निर्वाचनको लगत्तै संघको कार्यसमितिको निर्वाचन गरिनेछ ।

२. उपधारा (१) मा जुनसुकै ब्यहोरा लेखिएको भएता पनि कार्य समितिको कार्यावधि नयाँ कार्यसमितिको गठन भै कार्यभार नसम्हाले सम्म कायमै रहेको मानीनेछ ।

३. नगरपालिकाका लागि निर्वाचन मिति घोषणा भएपछि कर्यसमितिले नीतिगत विषयमा कुनै निर्णय गर्न सक्ने छैन ।

३१. **समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** संघको उद्देश्य पूर्ति गर्न र संघको हित सम्वर्द्धन गर्न साधारण सभा वा कार्य समितिले समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ। त्यस्तो समिति, उपसमिति वा कार्यदलको गठन, कार्यकाल, अधिकार तथा कार्यप्रणाली कार्य समितिले तोके बमोजिम हुनेछ ।

µ३१क. **अनुसन्धान एवं प्रशिक्षण केन्द्र स्थापना गर्न सक्ने :** संघको उद्देश्य प्राप्तिका लागि संघले प्रचलित कानून बमोजिम अनुसन्धान एवं प्रशिक्षण केन्द्र समेत स्थापना गर्न सक्नेछ ।

µ३१ख. **संघको निर्णय :** (१) यस विधानमा अन्यथा लेखिएकोमा बाहेक बहुमतको निर्णय संघको निर्णय मानिनेछ ।

---

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

(२) संघको साधारण सभा, कार्य समिति, उपसमिति तथा अन्य समितिको निर्णय निर्णय पुस्तिका (माइन्युट बुक) मा लिपिबद्ध गरिनेछ ।

µ३१ग. **व्याख्या :** यस विधान, नियम तथा विनियमको अन्तिम व्याख्या कार्य समितिले गर्नेछ ।

३२. ϖ**संघको छाप :**

(१) संघको छाप अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) प्रदेश समितिको छाप संघको छापको ढाँचामा रहनेछ । त्यस्तो छापको तल्लो किनारामा सम्बन्धित प्रदेशको नाम रहने छ ।

३३. **बचाउः**

१. कार्य समितिका सदस्य एवं कर्मचारीहरूले असल नियतले कामकाज गर्दा त्यस्तो काम कारवाही वाट कुनै हानी नोक्सानी हुन गएमा सो बापत कुनै सदस्य वा कर्मचारीले जवाफदेही बेहोर्नु पर्ने छैन ।

२. यो विधान पहिलो साधारण सभाको विधान अधिवेशनवाट पारित भै लागू भएपछि गठन हुने कार्यसमितिले संघको कानुनी मान्यताका लागि कारवाही गर्नेछ ।

३. उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो विधानको मस्यौदा तयार गरी साधारण सभाको विधान अधिवेशनमा पेश गर्ने नगरपालिका संघ तदर्थ समितिले गरेको काम कारवाहीलाई यसै विधान अनुसार भए गरेको मानिने छ ।

४. साधारण सभावाट कार्यसमितिको निर्वाचन भै नव निर्वाचित कार्यसमितिले कार्यभार सम्हाले पछि उक्त तदर्थ समिति स्वतः विघटन भएको मानिनेछ ।

---

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

ϖ पहिलो संशोधनद्धारा थप गरिएको ।

३४. **<u>वाधा अड्काउ फुकाउने :</u>**
यस विधानको कार्यान्वयनले गर्दा कुनै बाधा अड्काउ परेमा कार्यसमितिको बैठकले कारण खोली त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ । तर यसरी वाधा अड्काउ फुकाइएको विषय लगत्तै हुने साधारण सभाको बैठकमा अनुमोदनको लागि पेश गर्नु पर्नेछ ।

३५. µ**<u>आयोजक समिति स्वतः विघटन हुने :</u>** साधारण सभाबाट कार्य समितिको निर्वाचन भई नव निर्वाचित कार्य समितिले कार्यभार सम्हाले पछि साधारण सभा आयोजक समिति स्वतः विघटन भएको मानिनेछ ।

µ पहिलो संशोधनद्धारा थप गरिएको ।

# अनुसूची

(धारा ३२ को उपधारा (१) सँग सम्बन्धित)

संघको छाप

**नेपाल नगरपालिका संघ**

५३० पण्डोल मार्ग, लाजिम्पाट
पोष्ट बक्स १४२८६, काठमाडौं, नेपाल
फोनः (९७७-१) ४५२५६९२, ४४२०५५९
फ्याक्सः (९७७-१)४४१८६७१
इमेलः muan@ntc .net .np, info@muannepal .org .np
वेवसाइटः www .muannepal .org